## दोस्रो बैठक

आज मिति २०८२।०५।१३ गते शुक्रबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री झविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

### तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री झविलाल थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ३ | |
| ६. | श्री बाबुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ८. | श्री ..प्रेम नारायण बेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ८ | |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १० | |
| १३. | श्री खुमा वेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था वेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १९. | गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २०. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २१. | श्री जगदिश चन्द्र नेपाली | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भुमिकास्थान नगरपालिका | |
| २२. | श्री चित्र ब० बस्नेत | का.वा. अध्यक्ष, वडा नं. ६ | भूमिकास्थान नगरपालिका | |

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२. | हरिश्चन्द्र भुसाल | योजना शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २३. | जुना पाण्डे | लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २४. | शंकर अधिकारी | प्रशासकीय अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २५. | तुल्सी प्रकाश गिरी | प्रशासकीय अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २६. | शेषकान्त घिमिरे | स.कम्प्यूटर अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २७. | सुनिल पोखेल | स. लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २८. | अशोक खनाल | जिन्सी शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |

**प्रस्तावहरु**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. कर्मचारीहरुको माग आकृति फाराम सम्बन्धमा ।
३. प्रशासकीय भवन सम्बन्धमा ।
४. संचार सुविधा सम्बन्धमा ।
५. १५ शैयाको आधारभूत अस्पताल संचालन सम्बन्धमा ।
६. घ बर्गको इजाजत पत्र सम्बन्धमा ।

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैंठकमा भएका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलबाट अघिल्लो बैंठकका निर्णयहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो ।

- भूमिकास्थान नगरपालिकाको नगर दररेट समितिबाट स्वीकृत गरिएको भूमिकास्थान नगरपालिकाको आ.व. २०८२/०८३ को नगर दररेटलाई अनुमोदनको गर्ने निर्णय भएबमोजिम लागत अनुमान तयार गर्ने कार्य प्रारम्भ भएको ।
- भूमिकास्थान नगरपालिका वडा नं. ८ स्थित यशोधरा आधारभूत विद्यालय, अर्घाखांचीको विद्यालय व्यवस्थापन समितिको सिफारिश बमोजिम विक्रम भुसाललाई सरूवा सहमति दिने निर्णय भए बमोजिम विद्यालयलाई जानकारी गराईएको ।
- भूमिकास्थान नगरपालिकाको विधायन समितिबाट सिफारिश भै आएको भूमिकास्थान नगरपालिकाको सहकारी नियमावली, २०८२ र सहकारी संस्थाको विनियमको नमूना [illegible]कृत गर्ने निर्णय भए बमोजिम कार्य भएको ।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश, बुटबलको को च.नं. १०२ मिति २०८२/०५/११ को माग आकृति फाराम पठाउने सम्बन्धी पत्रानुसार भूमिकास्थान नगरकार्यपालिकाको कार्यालय र अन्तर्गत रिक्त तपसिल बमोजिमका स्थायी पदहरुको माग आकृति फाराम भरि प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश, बुटवलमा पठाउने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | पद | तह | सेवा | समूह | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | अधिकृत | सातौ | कृषि | भेटेरीनरी | १ |
| २ | आ.ले.प. अधिकृत | छैटौ | प्रशासन | लेखा | १ |
| ३ | सहायक | पांचौ | प्रशासन | सामान्य प्रशासन | ३ |
| ४ | प्रा.स. | पांचौ | शिक्षा | शिक्षा प्रशासन | १ |
| ५ | सहायक | चौथौ | प्रशासन | सामान्य प्रशान | ३ |

| ६ | ना.प्रा.स. | चौथौ | कृषि | कृषि प्रसार | १ |
|---|---|---|---|---|---|
| ७ | अमिन | चौथो | ईन्जिनीयरिङ | सर्भे | १ |

स्वास्थ्य तर्फ :

| क्र. सं. | पद | तह | सेवा | समूह | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | हेल्थ असिस्टेन्ट | पांचौ | स्वास्थ्य | हे.ई. | ४ |
| २ | अ.हे.ब. | चौथौ | स्वास्थ्य | हे.ई. | २ |
| ३ | अ.न.मी. | चौथो | स्वास्थ्य | प.हे.न./क.न | १ |

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको प्रशासकीय भवन निर्माणको डिपिआरको सम्बन्धमा बैंठकमा जानकारी भयो र सो सम्बन्धमा छलफल भै आएका सुझावहरुलाई समेत समेट्ने गरी लागत अनुमान तयार गरी खरिद प्रक्रीया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिकाबाट जनप्रतिनिधीहरुलाई उपलब्ध गराउँदै आएको संचार सुविधालाई आर्थिक वर्ष २०८२/०८३ देखि जनप्रतिनिधीहरुको सेवा सुविधामा समावेश गरी पठाउने र ल्याण्ड लाईन नभएको कारण विभिन्न शाखाहरुलाई विगत वर्षहरुदेखि उपलब्ध गराउँदै आएको संचार सुविधा चालु आर्थिक वर्ष २०८२/०८३ मा समेत विगत कै दररेट बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको १५ शैयाको अस्पताल संचालन सम्बन्धमा बैंठकमा जानकारी भयो सो सम्बन्धमा कार्यालयबाट स्वास्थ्य मन्त्रालयमा जानकारी पठाएकोले सो को प्रतिक्रियाको आधारमा थप निर्णय गर्न आवश्यक भएमा आगामी बैंठकहरुमा छलफल तथा निर्णय गर्ने ।

**निर्णय नं. ६ :** भूमिकास्थान नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधी, २०७५ को दफा २ को उपदफा (१) अनुसार तपसिल बमोजिमका निर्माण सेवालाई सोही कार्यविधीको दफा २ को उपदफा (४) अनुरुप निर्माण व्यवसायको ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | निर्माण सेवाको नाम | ठेगाना | प्रोपराईटरको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | एभरेष्ट निर्माण सेवा | भू.न.पा. ८ | ईश्वरी भूसाल, भू.न.पा. ८ | |
| २ | के.एन. निर्माण सेवा | भू.न.पा. ९ | सुधा राना सारु, भू.न.पा. ९ | |
| ३ | घेर मालारानी निर्माण सेवा, | भू.न.पा. ८ | विक्रम वि.क., मालारानी ६ | |
| ४ | आर. आर. निर्माण सेवा | भू.न.पा. ८ | ऋषिराम खत्री, स.न.पा. १ | |
| ५ | जन कल्याण निर्माण सेवा | भू.न.पा. ८ | पुष्पनिधी ढकला, कालिगण्डकी ६ | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ६. | देवु निर्माण सेवा | भू.न.पा. ८ | देव बहादुर घ.म., मालारानी ६ | |
| ७ | जि. एम. निर्माण सेवा | भू.न.पा. ८ | धन बहादुर घ.म., मालारानी ६ | |

**निर्णय नं. ७ :** भूमिकास्थान नगरपालिकाको अकवरे खुर्सानीको प्रति के.जी. विक्री मूल्य रु. २५० तोकीएकोमा उत्पादित वस्तुको बजारीकरणमा आएको परिवर्तनलाई मध्यनजर गर्दै हाललाई अकवरे खुर्सानीको विक्री मूल्य प्रति के.जी. रु. २०० कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** भूमिकास्थान नगरपालिका भित्र रहेका विभिन्न प्रहरी चौकीलाई विभिन्न समयमा विपद् लगायतका काममा प्रयोग गर्दा सम्बन्धित चौकीका मोटरसाईकलहरु संचालन हुने हुंदा त्यस्ता मोटरसाईकलको आंशिक मर्मतको व्यवस्था गर्ने निर्णय गरियो ।

CamScanner